वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

**जिल्ला विकास समिति, कास्की**
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १२२ ○श्रेणी 'क' ○२०७२ माघ १९ गते मंगलबार ○ 2 Feb. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

**खुशीको खबर !!!**
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

### कांग्रेसको क्षेत्रीय र जिल्ला अधिवेशनका लागि नेताहरुको दौडाहा

# पदलोलुपता देखाउँदै शुक्रराज र पोषनाथ

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १८ माघ ।**

नेपाली कांग्रेसको १३औं महाधिवेशन अन्तर्गत गाउँ र नगरको अधिवेशन सकिएपछि कांग्रेस नेताहरु क्षेत्र र जिल्लाको अधिवेशनमा केन्द्रित हुन थालेका छन् । यसका लागि सबै नेताहरुले आफ्नो टीमको निर्माण गरि चुनाव जित्ने रणनीति तयार गर्नमा समय खर्च गरिरहेका छन् । विभिन्न विचार समूह र गुट-उपगुटबाट कसलाई नेता बनाउने र कसलाई जिताउने भन्ने खेल पनि सुरु हुन थालेको छ ।

कास्की कांग्रेसको नेतृत्वका लागि दौडधूप गर्ने नेताहरु मध्ये कांग्रेसमो राजनीतिमा लामो समय नेतृत्व गरेका शुक्रराज शर्मा पौडेल र उनका पारिवारिक सदस्य एवं अनुयायी पोषनाथ शर्मा पौडेल पछिल्लो समयमा पार्टीभित्र पदलोलुपता देखाउने कास्की कांग्रेसका प्रमुख व्यक्तिमा परेका छन् । पञ्चायतकालिन अवस्थामा शुक्रराजले गरेका काम कार्वाही नकोट्याउने र २०४६ को जनआन्दोलन पछि हालसम्मको अवस्थाको मात्र मूल्याङ्कन गर्ने हो भने पनि उनले धेरै पटक विभिन्न अवसर प्राप्त गरेका छन् । उनी १७ वर्षसम्म कास्की कांग्रेसको सभापति बने । त्यस बेला कांग्रेस नेतृत्वको सरकार रहेको कारण कास्की जिल्लाको सुरक्षा तथा प्रशासनिक निकायमा रवाफ देखाउने र स्थानीय निकायका जनप्रतिनिधिहरु लाई प्रभावमा पारेर आफू अनुकुलका काम गर्न उनी धेरै हदसम्म सफल भए । कांग्रेसकै केन्द्रीय र स्थानीय सरकार रहेका बेला उनले पोखराको नयाँबजारस्थित सार्वजनिक जग्गालाई समेत आफ्नै नाममा दर्ता गरे । सोही ठाउँमा उनले ठूलो भवन निर्माण गरि हाल भाडामा लगाएका छन् । व्यक्तिगत काम र स्वार्थ पूरा गर्नेतर्फमात्र नभइ उनी पटक-



शुक्रराज शर्मा पौडेल



पोषनाथ शर्मा पौडेल

पटक विभिन्न अवसर लिन समेत सफल भए ।

कास्की कांग्रेसकै सभापति रहँदा उनले २ पटकसम्म प्रतिनिधि सभा सदस्य अर्थात सांसदका लागि टिकट पाएका थिए । तर दुवै पटक उनी जनताबाट निर्वाचित हुन सकेनन् । जनताबाट निर्वाचित नभएपनि पार्टी नेताहरुको आशिर्वाद लिएर उनी ६ वर्षसम्म राष्ट्रिय सभाको सदस्य बनि सरकारी सेवा सुविधा भोग चलन गरे । पार्टीको ११औं महाधिवेशन पोखरामा हुँदा उनी आफै महाधिवेशन व्यवस्थापन समितिको स्थानीय संयोजक रहेर केन्द्रीय सदस्यमा उम्मेदवारी दिए । तर अत्यन्त न्यून मत पाएकोले केन्द्रीय सदस्य बन्ने उनको सपना पूरा हुन सकेन । उनले पटक-पटक पार्टीको केन्द्रीय सदस्य बन्ने र निर्वाचित सांसद बन्ने जमर्को गरेपनि न त उनी केन्द्रीय सदस्य बन्न सके न त सांसदको निर्वाचनमा विजयी भए । निर्वाचनबाट पद लिन नसकेपछि उनले पार्टीका नेताको भक्त भएर केन्द्रीय आमन्त्रित सदस्यको रुपमा नियुक्ति पाए र लामो समय सोही भूमिकामा आफूलाई स्थापित गरे ।

कास्की कांग्रेसमा प्रभावशाली भनिने शुक्रराजले आफू सभापति हुँदा मनोनित गरि महत्वपूर्ण जिम्मेवारी लिएका कोही पनि अहिले उनको पक्षमा देखिंदैनन् । शुक्रराजले आफ्नो १७ वर्षे कार्यकालमा कास्की कांग्रेसको कोषाध्यक्ष नियुक्ति गरेका पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष हेमबहादुर प्रधान, शिक्षासेवी सुरेन्द्र भारी, पोउवासंघकै पूर्व अध्यक्ष अशोक पालिखे र कांग्रेसको राजनीतिमा सक्रिय रहँदै आएका व्यवसायी ऋषि सापकोटा कोही पनि अहिले शुक्रराजको पक्षमा देखिंदैनन् । सायद शुक्रराजले आफू सभापति रहँदा कोषाध्यक्ष बनाएकाहरुलाई कुनै दवाव र प्रभावमा पार्न खोजेर हो वा अन्य विविध कारणले, यो विषयमा शर्मा स्वयं नै जानकार होलान् ।

यसैगरी शुक्रराजले विभिन्न काल खण्डमा महत्वपूर्ण जिम्मेवारी दिएका र उनलाई नेता मान्नेहरु अहिले उनीसंग छैनन् । पूर्व राज्यमन्त्री महादेव गुरुङ, पूर्व सहायक मन्त्री प्रकाश बहादुर गुरुङ, पार्टीका वर्तमान जिल्ला सभापति यज्ञबहादुर थापा, उपसभापति विष्णु बाँस्तोला, सचिव कृष्ण केसी, महासमिति सदस्य देवराज चालिसे सहितका पार्टीमा क्रियाशील व्यक्तित्वहरु उनको कार्यशैलीप्रति असन्तुष्ट रहँदै आएका छन् । यसले उनको प्रभाव कमजोर हुँदै गएको र उनको आलोचना बढ्दै गएको अनुमान गर्न सकिन्छ । कतिपयले उनलाई आफू बलियो बनेर संगठनलाई कमजोर बनाउने नेताको रुपमा समेत चित्रण गर्ने गर्दछन् । २०६३ को संविधानसभा निर्वाचनमा कास्की क्षेत्र नं. ४ मा प्रकाश बहादुर गुरुङलाई कांग्रेसले उम्मेदवार बनाएपछि शुक्रराजले सार्वजनिक रुपमा कांग्रेसकै उम्मेदवारलाई आफूले सहयोग नगर्ने भनि विज्ञप्ति जारी गरेका थिए । उनकै कारणले त्यस बेलाको निर्वाचनमा कांग्रेसले कास्कीका ४ वटै क्षेत्रबाट पराजय भोग्नु परेको थियो ।

यिनै शुक्रराज यसपटक फेरि कांग्रेसको जिल्ला सभापति पदमा उम्मेदवार बन्ने तयारीमा छन् । १७ वर्षसम्म पार्टीको जिल्ला सभापति र अन्य विभिन्न भूमिकामा रहेर शक्तिको प्रयोग गर्दै आएका उनी पछिल्लो समय भूमिका विहीन बनेपछि पुनः सभापति बन्ने दाउमा छन् । शर्मापछि सभापति बनेका यज्ञबहादुर थापाले पनि १२ वर्षसम्म कास्की कांग्रेसको नेतृत्व गरे । शर्मा र थापाले ३ दशक विताएपछि पुनः शर्मालाई नै सभापति बनाउने हो भने कास्की कांग्रेसको राजनीतिमा नेतृत्व हस्तान्तरण र परिवर्तन असम्भवजस्तै देखिन्छ । तसर्थ कांग्रेसको राजनीतिमा सक्रिय युवा पुस्ता र दशकौं राजनीतिमा लागेका हरुले पनि पार्टीलाई नीतिमुखी र समसामयिक राजनीतिक अवस्थामा नेतृत्वदायी भूमिका खेल्न सक्ने बनाउन गम्भीर ढंगले सोच्न जरुरी छ ।

शुक्रराज शर्मा संगै उनका परिवारका सदस्य अर्थात भतिजा पोषनाथ शर्मा पनि जुनसकै पदका लागि आतुर बनेका छन् । २०५४ सालमा कास्कीको सल्यान गाविसको अध्यक्षमा निर्वाचित भएका पोषनाथले कास्की कांग्रेसको तत्कालिन क्षेत्र नं. ३ र अहिलेको क्षेत्र नं. ४ को सभापति बनिसकेका छन् । १०औं महाधिवेशनमा क्षेत्रीय सभापति र ११औं महाधिवेशनमा पार्टीको जिल्ला सचिव बनेर काम गरेका पोषनाथले १२औं महाधिवेशनमा जिल्ला सभापति पदमा चुनाव लडेका थिए । यज्ञबहादुर थापा र रामचन्द्र त्रिपाठीले पहिलो र दोस्रो स्थान प्राप्त गर्दा शुक्रराजको उम्मेदवारको रुपमा खडा गरिएका पोषनाथ तेस्रो स्थानमा नै खुम्चिन पुगेका थिए । जिल्ला सभापति पराजित भएपछि लाभको पदको खोजीमा रहेका पोषनाथले कांग्रेस नेतृत्वको सरकार रहेकै बेला गरिबसंग विश्वेश्वर कार्यक्रमको कास्की जिल्ला संयोजकमा नियुक्ति लिएर आकर्षक सरकारी तलव र सुविधाको भोग चलन गरिरहेका छन् । यसरी कास्की कांग्रेसको जिल्ला सचिवको पद लिइ जिल्ला सभापतिमा चुनाव लडेका पोषनाथ यसपटक उनका काका शुक्रराजको वचनलाई हार्न नसकेर क्षेत्र नं. ४ को सभापति बन्ने तयारीमा जुटेका छन् । १२औं महाधिवेशनपछिको समय र १३औं महाधिवेशनको संघारमा आइपुग्दा उनले जिल्ला सभापति बाहेक अन्य कुनै पदमा आफूले उम्मेदवारी दिनु भनेको मृत्युपत्रमा हस्ताक्षर गर्नु जस्तै हो भन्ने अभिव्यक्ति दिंदै आएका थिए । आफ्ना शुभचिन्तक र समर्थकहरु संग पनि बारम्बार त्यस्तो अभिव्यक्ति दिंदै आएका पोषनाथले आफू सभापति बन्न नपाए पार्टीको क्रियाशील सदस्यमात्र रहने भन्दै आएका थिए । तर सोमबार गोल्डेन न्यूज दैनिकसंग कुरा गर्दै उनले आफू भूमिकाविहीन भएर बस्दा निकै पीडा भोग्नु परेकोले जस्तो सुकै भूमिकाका लागि पनि तयार रहनु परेको बताए । यसले उनको राजनीतिक नैतिकतामाथि नै प्रश्न चिन्ह खडा गरेको छ ।

कास्की क्षेत्र नं. ४ को सभापति आइबहादुर गुरुङले लगातार २ कार्यकाल नेतृत्व गरेपछि उनी उनः क्षेत्रीय सभापति बन्ने पक्षमा छैनन् । शुक्रराज सहितका २/४ जनाले आइबहादुरलाई पुनः क्षेत्रीय सभापतिमा उम्मेदवारी दिन दवाव दिएपनि गुरुङले त्यसलाई ठाडै अस्वीकार गरि जिल्ला समितिको महत्वपूर्ण पदमा आउने चाहना गरेका छन् । कांग्रेसको क्षेत्रीय अधिवेशन माघ २२ र जिल्ला अधिवेशन माघ २५ गते हुँदैछ ।

## कांग्रेस नगरसमितिको अधिवेशन सम्पन्न



कांग्रेसको पोखरा नगर समितिमा निर्वाचित कार्यसमिति र क्षेत्रीय प्रतिनिधिहरु

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १८ माघ ।**

नेपाली कांग्रेस पोखरा उपमहानगर कार्यसमितिको अधिवेशन सम्पन्न भएको छ । शुक्रबार सम्पन्न अधिवेशनबाट निर्वाचित कार्यसमितिमध्ये सभापति पदको मतगणना आइतबार राति सकिएको भएपनि सदस्यहरुको मतगणना सोमबार दिउसोमात्र सकिएको हो । सभापति पदमा २ हजार ४ सय ४५ मत प्राप्त गरि बजिरमान श्रेष्ठ विजयी भएका थिए भने उनका प्रतिद्वन्दी विमलबहादुर कार्कीले १ हजार ८ सय ७२ मत प्राप्त गरेका थिए । नगर कार्यसमितिको सचिवमा सरोज नारायण बराल र कोषाध्यक्षमा सुनिल गुरुङ निर्विरोध निर्वाचित भएका थिए ।

कार्यसमितिको सदस्य पदमा विजयी हुनेहरुमा रामजी कोइरालाले २५६५, सुभास कोइरालाले १९२६, भवसागर बरालले १८३८, निलम बाटाजूले १८०१, हेमराज बरालले १७८५, सुरेन्द्रमान विजुक्छेले १६६९, इन्दिरा थापाले १६५४ र सुवर्णजंग केसीले १३१७ मत प्राप्त गरेका थिए । कार्यसमितिको आठ सदस्य पदका लागि २२ जनाले उम्मेदवारी दिएकोमा अन्य उम्मेदवारहरु भने विजयी हुन सकेनन् । जसमध्ये कृष्ण प्रसाद पौडेलले १०४१, कृष्णप्रसाद श्रेष्ठले १०४८, गणेश बस्नेतले ११२४, गोविन्दराज पराजुलीले ११८९, टंकप्रसाद भण्डारीले ५५४, टीकाराम (सन्तोष) पौडेलले १०५३, दीक्षा शर्मा अधिकारीले ८८६, बद्रीबहादुर थापाले १११६ र रविन कायस्थले १०८८ मत प्राप्त गरेको नगर निर्वाचन अधिकृत रमेश भट्टराईले गोल्डेन न्यूज दैनिकलाई बताए ।

यसैगरी लक्ष्मी बास्तोलाले ११३९, लक्ष्मी लामिछानेले ७७२, शिवप्रसाद बरालले ९९०, श्रीराम बरालले ११८२ र सोमकला पराजुलीले ९३७ मत प्राप्त गरेका थिए । विजयी उम्मेदवारहरुलाई निर्वाचन अधिकृत भट्टराईले सोमबार नै प्रमाणपत्र प्रदान गरेका थिए ।

यसैबीच नगर निर्वाचनमा विजयी पदाधिकारी एवं सदस्यहरुलाई नेपाल महिला संघले सोमबार नै एक कार्यक्रम आयोजना गरि बधाई ज्ञापन गरेको थियो ।

## साहित्य महोत्सव सकियो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १८ माघ ।**

पोखरामा आयोजित पाँचौ साहित्य महोत्सब सोमवार सकिएको छ । बुकवर्म फाउण्डेशनको आयोजना र र्‍याण्डम रिडर्स सोसाइटी अफ नेपालको सह-आयोजनामा भएको चार दिने महोत्सबमा ३२ वटा सत्रमा एक सय भन्दाबढी साहित्यकार, विचारक, विश्लेषक र कलाकारले सहभागिता जनाए । चार दिनसम्म भिन्न भिन्न बिषयमा भिन्दाभिन्दै लेखक, कलाकार, राजनीतिज्ञ र साहित्यकारहरुको वहस, प्रस्तुति रहेका थिए । राजधानी बाहिर पहिलोपटक आयोजना गरिएको साहित्य महोत्सबमा नयाँ शक्तिका अभियन्ता पूर्व प्रधानमन्त्री डा.

*बाँकी अन्तिम पृष्ठमा......*

**नेपालको संविधानमा नागरिकता सम्बन्धी प्रावधान**

- कुनैपनि नेपाली नागरिक नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नहुने ।
- प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको ।
- संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका व्यक्ति नेपालको नागरिक हुने ।
- वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको बाबु वा आमाको नामबाट लैङ्गिक पहिचान सहितको नागरिकताको प्रमाणपत्र पाउने ।
- नागरिकको परिचय खुल्ने गरी अभिलेख राखिने ।

**नेपाली नागरिकता प्राप्त हुने अवस्था :-**

**१. वंशजको नागरिकता**

- संविधान प्रारम्भ हुनु भन्दा अघि वंशजको नागरिकता प्राप्त गरेका व्यक्ति,
- जन्म हुदाँ कुनै व्यक्तिको बाबु वा आमा नेपालको नागरिक रहेको अवस्थामा त्यस्तो व्यक्ति,
- संविधान प्रारम्भ हुनुभन्दा अघि बाबु र आमा दुवैले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका सन्तान बालिग भएपछि,
- नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म,
- नेपालको नागरिक आमाबाट नेपालमा जन्मभई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्ति,
  **तर बाबु विदेशी नागरिक ठहरेमा संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुने.**
- विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको, निज नेपालमा नै स्थायी बसोबास गरी निजले विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको र नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्ति ।
  नागरिकता प्राप्त गर्दाका बखत आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने । धारा (११) (७)

**२. अंगिकृत नागरिकताप्राप्त गर्न सक्ने:**

क. विदेशी नागरिकले संघीय कानून बमोजिम अंगीकृत नागरिकता प्राप्त गर्न सक्ने ।

ख. वैवाहिक अंगिकृत देहाय बमोजिम प्राप्त गर्न सकिने ।

- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले संघीय कानून बमोजिम,
- विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिकबाट जन्मिएको, नेपालमा नै स्थायी बसोवास गरेको र विदेशी नागरिकता प्राप्त नगरेको व्यक्तिले संघीय कानून बमोजिम ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग




**अष्ट्रेलिया, Adelaide कै प्रतिष्ठित र कम शुल्कको नर्सिङ कलेजमा कम समयमा नै भिषा प्राप्त गर्नुभएकोमा सबैलाई**
**हार्दिक बधाई एवं उज्वल भविष्यको शुभकामना !**
***१५ वर्षको अनुभव, अष्ट्रेलियन उच्च आयोग, विश्वविद्यालयको विश्वास, युनिक्याम्पसको विश्वसनीयता र पारदर्शी परामर्श सेवामा थप अगाडि ।***




**के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?**

**★ सिर्जना मिनी मार्केट ★**

यहां भांडा, खाद्यान्न, फलफुल, तरकारी, लत्ताकपडा ब्यवसाय गर्न सकिन्छ ।



■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

- थोरो

## सम्पादकीय ...

# भ्रष्टाचारको घट्दो र्‍यांक

नेपालमा भ्रष्टाचार दीर्घरोगजस्तै बनिसकेको छ । भ्रष्टाचारविरूद्ध जति अभियान चलाए पनि त्यो सार्थक बन्न सकिरहेको छैन । भ्रष्टाचार मौलाएकै कारण देशको अर्थ व्यवस्था, विकास निर्माण, कानुनी शासन तथा देशको शासन व्यवस्थालाई नै समस्यामा पार्ने गरेको छ । भ्रष्टाचार नियन्त्रणमा सरकार अक्षम सावित भइसकेको छ । भ्रष्टाचारबाट नेता, प्रशासक, निजामती कर्मचारी, पेसाकर्मी कोही पनि अछूतो बन्न सकेका छैनन्, जसमध्ये संगठित रुपमा हुने भ्रष्टाचार झनै खतरापूर्ण मानिएको छ । केही वर्षयता पैसाका लागि अपराध र भ्रष्टाचार मौलाउँदै गएको पाइएको छ । नेपालमा भ्रष्टाचारजन्य गतिविधि निरन्तर बढ्दोक्रममा रहेको छ । भ्रष्टाचार नियन्त्रण क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाल विश्वकै १५औं भ्रष्ट मुलुक रहेको प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदनमा नेपाललाई दक्षिण एसियामा बढी भ्रष्टाचार हुने मुलुकका रुपमा चित्रण गरिएको छ । अन्तर्राष्ट्रिय अध्ययनअनुसार भ्रष्टाचारमा अफगानिस्तान पहिलो र बंगलादेश दोस्रो नम्बरमा रहेका छन् । १६८ देशमा गरिएको सय र्‍यांकिङमा नेपाल २७ अंकसाथ १३०औं स्थानमा झरेको छ । अघिल्लो वर्ष २९ अंकसाथ १२६औं स्थानमा परेको थियो । नेपालमा कार्यपालिका, न्यायपालिका, प्रशासन र भ्रष्टाचारविरोधी अंगहरु नै जिम्मेवार बन्न नसक्दा भ्रष्टाचार बढेको अध्ययनले देखाएको छ । भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा काम गर्ने संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलले राजनीतिक हस्तक्षेपका कारण नेपालको सार्वजनिक प्रशासन शिथिल भएको जनाएको छ । सार्वजनिक तथा गैरसरकारी क्षेत्रमा आफ्नो पकड कायम राख्न र सत्तामा रहिरहन राजनीतिक दलले आ-आफ्नो प्रभाव प्रयोग गर्दा भ्रष्टाचार बढेको प्रतिवेदनको ठहर छ । प्रतिवेदनले नेपालको निजामती सेवालाई राजनीतिबाट बाहिर राख्ने प्रमुख चुनौती रहेको समेत औंल्याएको छ । नेपाल १५औं भ्रष्ट मुलुक बन्नुमा कमजोर शासन र राजनीति नै जिम्मेवार मानिएको छ । सन् २०१३ मा नेपाल केही सुधारका साथ ११६औं स्थानमा र २०१४ मा १२६औं स्थानमा पुगेको थियो । उच्च पदमा रहनेले शक्ति दुरूपयोग गर्दा ठूला भ्रष्टाचार बढेको प्रतिवेदनमा उल्लेख गरिएको छ । शक्तिको दुरूपयोग हुँदा सीमित व्यक्तिका लागिमात्र लाभ पुग्ने र यसले समाजलाई गम्भीर क्षति पुग्ने देखिएको छ । विभिन्न संघर्ष र द्वन्द्व, कमजोर शासन, कमजोर प्रहरी, न्यायालय र सञ्चारमा स्वतन्त्रता कमीजस्ता पक्षबाट नेपाल कम र्‍यांकिङमा परेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले ५० भन्दा तल अंक ल्याउने देशलाई उच्च भ्रष्ट मानेको छ । यस वर्ष ९१ अंकका साथ डेनमार्क सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक भएको छ । सोमालिया र उत्तर कोरिया सबैभन्दा पछाडि छन् । सरकारले शून्य सहनशीलताको सिद्धान्त अंगीकार गरे पनि नेपालको प्रशासन संयन्त्रभित्रै संस्थागत भ्रष्टाचार हुने गरेका कारण नेपाल निरन्तर पछाडि पर्दै गएको छ । सार्वजनिक क्षेत्रमा नियुक्ति, पदोन्नति तथा सरूवा पारदर्शी ढंगले नगरिँदा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका कामकार्बाही समेत पारदर्शी हुन सकेका छैनन् । मुलुकमा भ्रष्टाचार सीमाविहीन अपराधका रुपमा फैलिँदै गएको छ । भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मात्र भरोसा गरिँदा नेपाल भ्रष्ट मुलुकको श्रेणीमा बर्सेनि अगाडि मापन भइरहेको छ । भ्रष्टाचार नियन्त्रण गर्न हाम्रो सामाजिक मानसिकता र मनोवृत्तिमा परिवर्तन आउनुपर्छ । र, सरकारले नैतिकता र समाजसँग जोडेर भ्रष्टाचारविरूद्ध विभिन्न अभियान सञ्चालन गर्नु जरूरी छ ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल माघ १९ गते मंगलबार, तदनुसार फरवरी २ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शिशिर ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार पौषशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज माघकृष्णपक्षको अष्टमी तिथि ३१ घटि ८ पला अर्थात साँझमा ७ बजेर २० मिनेटसम्म त्यसउप्रान्त नवी तिथि लाग्नेछ । आज सूर्य मकर राशिमा, चन्द्रमा तुला राशिमा अहोरात्र रहनेछ । आज दिनमान २७ घटि ७ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५३ मिनेटमा जयदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साँझ ५ बजेर ४३ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : गरेको सबै कार्यमा बाधा हुने, मानसिक अशान्ति, यात्रामा कठिनाई हुने, चिन्तापर्ने समाचार प्राप्त हुनेछ ।

**वृष** : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

**मिथुन** : परिवारसँग विवाद पर्नेछ, व्यापारीक क्षेत्रमा मन्दी आउनाले नोक्सान बढ्न जानेछ, समय खराब छ ।

**कर्कट** : आरोग्यता, प्रशन्नता, आर्थिक पक्ष सवल रहने, मिष्ठान्न भोजन प्राप्ति, नवीन कार्यको थालनी गर्दा राम्रो हुनेछ ।

**सिंह** : एक्कासी नयाँ वस्तु फेला पर्ने, उत्कृष्ठ सरकारी सम्मान पाउन सकिने, शैक्षिक क्षेत्रबाट उत्कृष्ट नतिजा हाँसील ।

**कन्या** : एक्कासी आँखामा खराबी आउन सक्ने, धनमाल चोरी हुन सक्नेछ, आफूले गरेको कार्यमा बिरोधी बढ्नेछन् ।

**तुला** : आफन्तको टकरावले दिनभर तनाव, पेशाप्रति असन्तुष्टि, आम्दानीमा गिरावट, अनावश्यक झमेला थपिनेछ ।

**वृश्चिक** : स्वास्थ्य राम्रो रहनेछ, आदर सत्कार पाइने कार्यमा सरिक हुन पाइने, पारिवारिक सहयोग पाइने, प्रेम प्रसँग समधुर ।

**धनु** : टाढाबाट धन प्राप्ति हुन सक्नेछ, नयाँठाउँको भ्रमण गर्दा मनमा आनन्द, राजनीतिक सक्रियता बढ्नेछ ।

**मकर** : गरेका कार्य अधुरा हुनेछन, यात्रा तथा कार्यमा बाधा, आफ्नो बारेमा आफन्तलेनै कुरा काट्ने छन् ।

**कुम्भ** : यशकीर्ति बढ्ने शत्रुमाथि विजयी हुने, अधुरा कार्य आज पूरा, पुराना मित्रसंग भेटघाटको अवसर मिल्नेछ ।

**मीन** : स्वास्थ्यमा खरावी आउन सक्ने, समय विवादित रहनेछ, चोटपटकको भय, नकरात्मक सोचाइले आँफैलाई घाटा ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# कांग्रेसको १३औं महाधिवेशन र भविष्य

रामशरण गैह्रे

१२औं महाधिवेशनमा एक पटकका लागि भनेर मत मागेका कोइराला फेरि उम्मेदवार हुने गुप्त तयारीमा छन् । औपचारिक निर्णय यसै साता गर्ने उनको योजना छ । वरिष्ठ नेता शेरबहादुर देउवालाई पराजित गरेर कोइराला १२औं महाधिवेशनमा सभापति बने । दोस्रो संविधानसभा निर्वाचनपछि प्रधानमन्त्री भए । पार्टी र सरकारको नेतृत्व गरिसकेका कोइराला अब फेरि केका लागि सभापति हुने ? पार्टीभित्र गर्माएको यो बहस कोइरालाविरोधी खेमामा मात्रै सीमित छैन, संस्थापन पक्षबाटै सशक्त हुन थालेको छ । तीन वर्षको कार्यकालका लागि निर्वाचित कोइरालाले पाँच वर्ष पार्टीलाई नेतृत्व त दिए । तर, यसबीचमा के गरे उनले र फेरि पार्टी नेतृत्वका दाबी गर्दैछन् ? अरु कोही कांग्रेसका नेता नजन्मेजस्तो पार्टीको बागडोर कोइरालाकै हातमा हुनुपर्ने, रामचन्द्र पौडेल र शेरबहादुर देउवा आजीवन त्यहीँ, आश गरेर झुन्डिरहने । एक से एक आशलाग्दा युवा त्यहीँ बुढिने र आफैं बूढा भएर फेरि रूँगेर बस्ने, ढुकेर बस्ने ! तर कोइराला जस्तासुकै हुन्, ती चाहे सुशिल कोइरालाजस्तै किन नहून्, नेतृत्व कोइरालालाई नै चाहिने, कार्यकर्तालाई पनि घुमाइफिराइ कोइरालै नभई नहुने । यसपालि तेह्रौं महाधिवेशनको तयारीका क्रममा पनि उही पुरानै दर्द लिएर बसेका छन्, पौडेल र देउवा अनि पछाडि–पछाडि बिचरा उनीहरुका कार्यकर्ता । संस्थापन पक्षका कतिपय नेताहरु कोइराला परिवारको सबभन्दा कमजोर नेतृत्व नै सुशिलकै कार्यकाललाई ठान्छन् र भन्छन्,-'अब परम्परागत शैलीबाट पार्टी चल्दैन, त्यसैले सुशिलको समय अब समाप्त भयो ।' पाँच वर्षसम्म केन्द्रीय कार्यसमितिलाई पूर्णता दिन नसकेको, महत्वपूर्ण कार्यसम्पादन समिति नबनाई विधानमै व्यवस्था नभएको पदाधिकारी बैठक संस्थागत गरेको, भ्रातृ संस्था विघटन गरी अधिवेशन गर्न नसकेको, पार्टीका ४२ विभाग क्रियाशील बनाउन नसकेकोजस्ता आरोप कोइरालामाथि लागिरहेका छन् । तर, कोइराला परिवारमै नेतृत्व ल्याउन चाहने समूहले यी आरोपको खण्डन गर्छन् । दोस्रो संविधानसभामा कांग्रेसलाई ठूलो पार्टी बनाएको र सुशिलकै नेतृत्वमा संविधान जारी भएको घटनालाई उनीहरु ऐतिहासिक भन्छन् । गिरिजाप्रसादले आफ्नै जीवनकालमा सुजातालाई नेतृत्वमा ल्याउने चाहना राखेका थिए । उनले पार्टीभित्रका वरिष्ठहरु पन्छाएर छोरीलाई उपप्रधानमन्त्री पनि बनाए । तर, उनको कदले सम्भव भएन । गिरिजाप्रसादको चाहनालाई सुशिलले पूरा गर्लान् त ? कोइराला परिवारकै एक सदस्य भन्छन्,-'सुशिलमा सुजाताप्रति भन्दा बीपीपुत्र शशांकप्रति बढी लगाव र प्रेम छ । उनी सुजातालाई होइन, शशांकलाई कार्यवाहक दिएर नेतृत्वमा स्थापित गर्न चाहन्छन् ।' यो रोडम्याप लिएर सुशिल मैदानमा उत्रन लागेको सुइँको पाएपछि संस्थापन पक्षभित्रै यतिबेला हल्लीखल्ली छ । उनका निकटमा रहेर काम गरेका महामन्त्री कृष्णप्रसाद सिटौला यही कारण कोइरालासँग टाढिएका छन् । उपसभापति रामचन्द्र पौडेल आफैं मैदानमा भिड्ने भन्दै प्रचारमा जुटिसकेका छन् । महामन्त्री प्रकाशमान सिंह, रामशरण महत, अर्जुनरसिंह केसीहरुमा आफूहरुभन्दा अघि शशांक नेतृत्वमा आउने भय छ । सुशिललाई साथ दिँदै आएका महेश आचार्य, नरहरि आचार्य पनि भित्रैदेखि सुशिल उम्मेदवार नभइदिए हुन्थ्यो भन्ने पक्षमा छन् । आफ्नो स्वार्थविपरीत सुझाव दिनेलाई सुशिलले टाढा राख्न थालेका छन् । हितअनुकूल सुझाव दिनेलाई उनी आफ्नो ठान्छन् । यतिबेला कोइरालाका साथमा परिवारका सदस्यका अतिरिक्त प्रवक्ता दिलेन्द्र बडु, केन्द्रीय सदस्यहरु आनन्द ढुंगाना, दिलबहादुर घर्तीहरु छन् । सुशिल पार्टी नेतृत्व कोइराला परिवारमै राख्नका लागि जस्तो जोखिम पनि मोल्न तयार छन् । गत असोज २५ को प्रधानमन्त्री निर्वाचनमा उम्मेदवार हुनु त्यस्तै जोखिमको एउटा घटना थियो । त्यस्तै अर्को जोखिम लिएर उनले पार्टी सभापतिका लागि तयारी थालेका छन् । कोइरालानिकट रहेका नेता अमरबहादुर पुन सुशिलको उम्मेदवारी कोइराला परिवारमै नेतृत्व राख्ने योजनासँग सम्बिन्धत नभएको तर्क दिन्छन् । 'सुशिल नहुँदा संस्थापन पक्ष छिन्नभिन्न हुने भएकाले उहाँको उम्मेदवारीको चर्चा आएको हो', उनले भने,-'रामचन्द्र दाइलाई वेटिङ प्रधानमन्त्री र कार्यवाहक सभापति दिने गरी मिलाउन सकिने ठाउँ छ ।' कांग्रेस केन्द्रीय सदस्य श्याम घिमिरेका अनुसार अहिलेको मुख्य टकराव नै पार्टी नेतृत्व कोइराला परिवारमा रहने कि बाहिर आउने भन्नेबीच छ । स्थापनाकालमा बीपीले टंकप्रसाद आचार्यलाई सभापति बनाएर आफू कार्यवाहक सभापति भएका थिए । त्यसपछि सुवर्ण शमशेर जबरा र कृष्णप्रसाद भट्टराईको कार्यकालबाहेक कोइराला परिवारबाट कांग्रेस नेतृत्व बाहिरिएको छैन । सुशिलका परम्परागत प्रतिद्वन्द्वी शेरबहादुर देउवा कोइराला परिवारबाट आफ्नो नेतृत्वमा पार्टीको बागडोर ल्याउन १३औं महाधिवेशनलाई अन्तिम लडाइँ मान्दै तयारीमा जुटेका छन् । पछिल्लो कालखण्डमा कोइरालाकै सारथि भएका उपसभापति रामचन्द्र पौडेलले पनि कोइराला परिवारबाट नेतृत्व बाहिर आउने अपेक्षा गरेका छन् । पार्टीभित्र आफ्नो छुट्टै समूह नभएकाले पौडेल कोइराला परिवारकै साथ खोजेर आफूमा नेतृत्व ल्याउने प्रयासमा छन् । स्थापनाकालदेखि नै कांग्रेस दुई खेमामा विभाजित छ- कोइराला समर्थक र विरोधी खेमाका रुपमा । कोइरालाविना कांग्रेस हुँदैन भन्ने विचार कोइराला पक्षको रहँदै आएको छ । अर्को पक्ष निरन्तर त्यसको विरोधमा छ । १३औं महाधिवेशनको पूर्वसन्ध्यामा यो विषय पार्टीभित्र झनै सशक्त बन्दै छ । 'यो दुई पक्षबीचमा रामचन्द्र दाइ कहाँ पर्नुहुन्छ, मैले बुझ्न सकेको छैन', केन्द्रीय सदस्य घिमिरे भन्छन्,-'यसपालिको मुख्य लडाइँ पनि कोइराला समर्थक र विरोधी खेमाको हुने निश्चित छ ।' पौडेलको राजनीतिक 'स्कुलिङ' कृष्णप्रसाद भट्टराईको हो । देउवाको 'स्कुलिङ' गिरिजाप्रसादको हो ।

पछिल्लो कालखण्डमा पौडेल गिरिजाप्रसादतिर भए भने देउवा कृष्णप्रसादतिर । गिरिजाप्रसादले ०५७ मा भट्टराईलाई प्रधानमन्त्रीबाट हटाएपछि शेरबहादुरले भट्टराईको विरासत थाम्न पुगे । पार्टीको पोखरामा भएको १०औं महाधिवेशनमा देउवाले किसुनजीको सम्मानका लागि आफू पार्टी सभापतिमा उम्मेदवार भएको घोषणासमेत गरेका थिए । पौडेल भने संस्थापन पक्षमा रहे । यद्यपि, पौडेलले आफू कुनै पक्षतिर नभई मध्यमार्गी धारको प्रतिनिधित्व गरेको बताउने गर्छन् । तीन शीर्ष नेताका लागि १३औं महाधिवेशनलाई अन्तिम अवसर ठान्नेहरु पार्टीमा धेरै छन् । त्यही बुझेर अहिल्यै कसले नेतृत्व लिने भन्ने मुख्य प्रतिस्पर्धा नेतात्रयबीचमा मात्र देखिन्छ । नेतात्रयपछि पार्टीमा स्वाभाविक नेतृत्वको विकास हुन सकेको छैन । असोज २५ को प्रधानमन्त्रीय निर्वाचनमा कोइरालाको पराजय नेतात्रयको कमजोर नेतृत्व क्षमताको कारण ठान्नेहरु अहिले नै यी तीनै नेतालाई बिदा गर्न पाए हुन्थ्यो भन्नेमा छन् । तर, नेतृत्व लिनका लागि हिम्मत गर्ने आँट पछिल्लो पुस्ताले गर्न सकेको छैन र गर्न सक्ने सम्भावनासमेत कम छ । तीन जनापछि नेतृत्वका लागि महामन्त्रीद्वय प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौला, रामशरण महत, अर्जुननरसिंह केसी, सुजाता कोइराला, शशांक कोइराला, विमलेन्द्र निधि अग्रपंक्तिमा छन् । सिटौला सुशिल नउठेमात्रै आफू प्रतिस्पर्धामा उत्रने बताउँछन् । कोइरालासित उनी लड्ने सम्भावना न्यून छ । गणेशमानको विरासतबाट अघि बढेका महामन्त्री प्रकाशमान सिंह सुशिलले नै आफूलाई अघि सारिदिए हुन्थ्यो भन्ने आशमा छन् । तर, उनको रोडम्याप सिंहलाई प्रस्ट छ । त्यसैले, उनी कोइरालालाई अप्ठ्यारो पारेर भए पनि महत्वपूर्ण भूमिकामा पुग्ने कसरतमा देखिन्छन् ।

कोइराला सभापतिका लागि अघि बढ्दा सिंह र सिटौलाको आश महामन्त्रीमा नभएर उपसभापतिमा छ । अहिले पार्टीमा उपसभापति पद एउटामात्रै भएकाले आकांक्षीहरुलाई चित्त बुझाउन पनि कोइराला पदाधिकारी बढाउने पक्षमा लागेका छन् । केसीले आफ्नो विचारसँग कुनै पक्ष (कोइराला र देउवा) सहमत नभए आफैं सभापति लड्ने बताएका छन् । उनको पनि गुप्त योजना महामन्त्री बन्ने नै हो । महामन्त्रीमा जसले उम्मेदवार बनाउँछ, केसी उतैतिर ढल्कने सम्भावना छ । कोइरालाले यसअघि 'धोका' दिइसकेको बताउँदै केसीले यसपटक देउवातिर बढी झुकाव राखेका छन् । पार्टी सभापति कोइराला नै अघि बढ्ने अवस्थामा महत पनि आँट गर्ने पक्षमा छैनन् । उनी पनि निर्र्वाचित महामन्त्रीका लागि अघि बढेका छन् । बीपीपुत्र शशांक कोइराला र गिरिजा प्रसादपुत्री सुजाता दुवै जना परिवारको विरासतबाट उदाउने दाउमा छन् । त्यसका लागि पार्टी सभापति सुशिललाई प्रयोग गर्ने योजनामा उनीहरु छन् । देउवा पक्षमा रहेका निधि महेन्द्रनारायण निधिको विरासतबाट राजनीतिमा उदाएका हुन् । उनको दाबी पनि महामन्त्रीमै देखिन्छ । केन्द्रीय सदस्य धनराज गुरूङ शशांक र सुजातालाई इंगित गर्दै नेतृत्वमा स्थापित हुन दुईटा बाटो रहेको बताउँछन् । उनका अनुसार एउटा कार्यवाहक र अर्को चुनावी प्रतिस्पर्धाबाट आउने बाटो । 'सभापतिका लागि अहिल्यै चुनाव लडेर राम्रो मत पाइयो भने अर्कोपटक स्थापित हुन सकिन्छ', उनी भन्छन्,-'तर चुनाव लडेरभन्दा कार्यवाहकको बाटोबाटै नेतृत्वमा उदाउने बाटो रोज्नेजस्तो देखिन्छ ।' तर, अर्का एक युवानेता नेतात्रय पछिका झनै अयोग्य रहेको बताउँछन् । तीन नेताको विकल्प खोज्न देशभरि कार्यकर्ता तयार हुँदा तत्परता नदेखाउनु उनीहरुको अयोग्यता रहेको ती नेताले बताए । 'गिरिजाप्रसादपछि तीन नेताले जेनतेन चलाए । यी पछिको पुस्ता झनै अयोग्य देखियो, तिनले नेतृत्व लिनका लागि आँटसम्म गर्न सकेनन्',-ती सदस्यको भनाइ छ, 'नेतात्रय पछिका नेतृत्वले पार्टीलाई नयाँ ढंगले चलाऊलान् भन्नेमा शंका छ ।' केन्द्रीय सदस्य प्रदीप पौडेल तीन नेतापछिको दोस्रो पुस्ताले धेरै मौका पाए पनि नेतृत्वमा स्थापित हुन नसक्नुलाई कमजोरी ठान्छन् । 'तीन नेतापछि कार्यक्षमताबाटै नयाँ नेतृत्वको उदय हुन्छ'-पौडेलले थपे । दोस्रो पुस्ताका नेताहरुमा लडेरभन्दा पदाधिकारी बाट पदोन्नति हुँदै नेतृत्वमा पुग्ने चाहना बढी देखिन्छ । नेतृत्वका लागि सभापति उठ्ने चर्चा पदाधिकारीमा पदोन्नतिका लागि बार्गेनिङ 'टुल्स' बन्ने गरेको छ । पार्टीमा कृष्णप्रसाद र गिरिजाप्रसादको दबदबा छँदै शेरबहादुरले ५१ वर्षकै उमेरमा आफ्नो पुस्तामा नेतृत्व स्थान्तरण गर्ने आँट देखाएका थिए । त्यत्तिको आँट पनि दोस्रो पुस्ताका नेताहरुले देखाउन नसकेको केन्द्रीय सदस्य घिमिरे बताउँछन् । 'गिरिजाप्रसाद सक्रिय राजनीतिमा हुँदैमा देउवाले आफ्नो नेतृत्व स्थापित गरेका थिए । उनले कोइरालासँग विद्रोह नै गरेर नेतृत्वमा आए', केन्द्रीय सदस्य गुरूङ थप्छन्, 'दोस्रो पुस्तामा त्यो आँट र आत्मविश्वास देखिएको छैन ।' नेपालको राष्ट्रिय राजनीतिमा शक्तिशाली र प्रभावशाली परिवारका रुपमा लिइने कोइराला परिवार यतिबेला भने पार्टीभित्र नै अस्तित्व बचाउन संघर्षरत छ । पार्टी स्थापनाकालदेखि नै राष्ट्रिय राजनीतिको केन्द्रमा रहँदै आएको कोइराला परिवार अहिले यति कमजोर बनेको छ कि उसलाई पार्टीभित्र नै कसरी आफ्नो पुरानो दबदबामा फर्काउने भन्ने चिन्ता हुन थालेको टीकाटिप्पणी कांग्रेसभित्र नै चल्न थालेको छ ।

पार्टीको आसन्न महाधिवेशन बाट नेतृत्व परिवारबाट बाहिरिने हो कि भन्ने चिन्ता कोइराला परिवारभित्र व्यापक रुपमा उठ्न थालेको छ । सभापति सुशिल कोइरालाले पार्टी नेतृत्व परिवारभन्दा बाहिर जाने डरले सर्वसहमत रुपमा सम्मानित राष्ट्रपतिको पद अस्वीकार गर्नुले पनि यसैको संकेत गर्ने कांग्रेसीहरु बताउँछन् । जीवनको उत्तरार्द्धमा पुगेका बेला राजनीतिक करिअरकै सफलताको शिखरमा पुगेका कोइरालाले सभापति पद जोगाउनकै लागि ठूलो अपमान पनि सहन तयार रहेको टिप्पणीसमेत हुने गरेको छ । कोइरालाकै पालामा कांग्रेस देशको सबैभन्दा ठूलो पार्टी बनेको र उनकै प्रधानमन्त्रीत्वकालमा देशले संविधान पाएकाले उनको चर्चा चुलिएको थियो । तर, उनै कोइरालाले सो सफलतालाई एक हप्ता पनि टिकाउन सकेनन् । पार्टीभित्र अहिले संस्थापन पक्ष भनिने सभापति सुशिल कोइराला गुट र अर्का नेता शेरबहादुर देउवा गुट छन्, जहाँ यी दुवै गुटहरु आफ्नो नेतृत्वलाई जिताउन सकेसम्मको शक्ति प्रयोग गर्ने रणनीतिमा छन् । संस्थापन पक्षभित्र भने छिन्नभिन्न अवस्था छ । यसले गर्दा कोइराला परिवारका लागि यो महाधिवेशन प्रतिष्ठाको विषय बनेको छ । सभापति सुशिल कोइरालाविरूद्ध यतिबेला उपसभापति रामचन्द्र पौडेल मैदानमा उत्रिसकेका छन् ।

कुनै पनि हालतमा सभापतिको उम्मेदवारी बाट पछाडि नहट्ने उनले बताइसकेका छन् । सभापति कोइराला आफूबाहेक अरु चुनावमा उठे वरिष्ठ नेता देउवाले सहजै जित्ने भन्दै अन्य नेताहरुलाई थुमथुम्याउन खोजिरहेका छन् । तर, अधिकांश नेताहरुको अन्तिम अवसर पनि भएकाले कोइरालाले भनेकै भरमा सजिलै पछाडि हट्ने मनसाय ती नेताहरुले बनाएका छैनन् । यतिबेला सभापति सुशिल कोइरालासँगै बीपीपुत्र शशांक कोइराला, शेखर कोइराला र सुजाता कोइराला कांग्रेसको राजनीतिको केन्द्रमा छन् । सुशिल कोइराला बाहेक अरु नेताहरु पार्टी सभापतिका लागि तयार भइसकेका छैनन् । उनीहरुलाई कार्यकर्ताले पनि पत्याइहाल्ने अवस्था पनि छैन जसले गर्दा सुशिल आफैं सभापतिमा लड्न चाहन्छन्, ताकि अर्कोपटक अहिलेका दोस्रो तहका कोइरालाहरु सभापतिका लागि तयार बनून् कांग्रेसभित्र पदीय आकांक्षा राख्नेहरुको सूची छिमल्दै जाने हो भने त्यहाँ पार्टीको आन्तरिक जीवनमा पुर्‍याएको योगदान, भूमिकाभन्दा बढी शक्ति-सन्तुलन र नेतृत्वको सामीप्यका कारण नेताहरुमा लोभ सिर्जना हुँदै गएको प्रस्ट छ । कुनै नेता संस्थापन या अर्को गुटसँग नजिक-टाढा हुने या नयाँ समूह सिर्जना गर्नेतिर लाग्नु यसैको परिणाम हो । एउटा ठूलो प्रजातान्त्रिक पार्टीमा यस्ता प्रक्रिया स्वाभाविक पनि हुन् । मूल्यांकनको परिपाटी परिष्कृत गर्नुपर्छ भन्ने कुरासँग भने सहमत हुन सकिन्छ । पछिल्ला दिनमा सभापति कोइराला प्रधानमन्त्री हुँदा उनलाई नजिकबाट सघाउने नरहरि आचार्य, महेश आचार्य, बाहिरै बसेर पनि सघाउने पार्टी प्रवक्ता दिलेन्द्र बडू र दिलबहादुर घर्तीजस्ता नेतामा पनि अबको महाधिवेशनमा राम्रो स्थान पाइयोस् भन्ने राम्रै तिर्सना जागेको छ । तर, सबैभन्दा नजिकको सहयोगी हुनुको बेफाइदा के हो भने आफूले मानेको नेताले चुप लाग्नुहोस् भन्दा मौन बस्नुपर्ने अवस्था हुन्छ । अर्कोतिर पार्टी सरकारमा जाँदा निरन्तर रुपमा त्यो अवसरको फाइदा लिइरहेका कतिपय नेताले पार्टीभित्र आफ्नो सम्भावना र पहुँचको अभ्यास गर्नु त्यति अनौठो रहेन । जस्तो, ०४६ को परिवर्तनपछि कांग्रेसले बनाएका सरकारमध्ये एउटा छाडेर सबैमा अर्थमन्त्रीको कार्यभार सम्हालेका रामशरण महत यसपटक आफूले सभापति पदमा उठ्ने पार्र्टीभित्र 'लबिङ' गरिरहेका छन् । उनीनिकट स्रोतका अनुसार यदि पार्टी पदाधिकारीमा आफ्नो स्थान सुरक्षित हुन सकेन भने कांग्रेसले आफूलाई अबको प्रधानमन्त्रीका रुपमा अघि सारिदियोस् भन्ने चाहना महतको छ । उनी पार्टीको संस्थापनमै रहेका छन् र रहने देखिन्छन् । राजनीतिमा अवसरले सबैभन्दा महत्वपूर्ण अर्थ राख्छ । तर, कांग्रेसभित्र अवसरलाई दुरूपयोग गरेर पनि पुनः अवसर सिर्जना गर्ने उदाहरण नभएका होइनन् । खासगरी भागबन्डाको राजनीतिका कारण यस्तो गलत प्रवृत्ति पार्र्टीभित्र मौलाइरहेको छ । अवसरको खोजीमा कांग्रेसबाट पञ्चायतमा समेत प्रवेश गरेका र त्यहाँ खाइखेली गरेर ०४६ पछि पुनः कांग्रेस फर्केका केसी संस्थापनले महामन्त्री पद नदिने संकेत पाएपछि देउवा पक्षले उक्त पदमा उम्मेदवारी ग्यारेन्टी गरिदियोस् भन्ने चाहन्छन् । तर, देउवा खेमामा रहेका सहमहामन्त्री पूर्णबहादुर खड्काले स्वाभाविक रुपमा महामन्त्रीको उम्मेदवारी आफूले पाउनु पर्ने दाबी गरिरहेका छन् । सहमहामन्त्री खड्काले सभापति कोइरालाले दलहरुबीच भएको भद्र सहमति तोडेर प्रधानमन्त्री पदमा पुनः उम्मेदवारी दिएपछि आफ्नो पदबाट राजीनामा गरेका थिए । राजीनामा स्वीकृत भएको छैन, तर उनको राजीनामा प्रकरणलाई आसन्न महाधिवेशनका लागि रणनीतिक कदमका रुपमा पनि लिइन्छ । नेपाली कांग्रेसभित्र प्रभावशाली युवाहरुले यथोचित स्थान पाउन नसकेको उहिल्यैदेखि हो । यससँगै आसन्न महाधिवेशनमा केन्द्रीय सदस्य गगन थापा, विश्वप्रकाश शर्मा, धनराज गुरूङ, गुरू घिमिरे र प्रदीप पौडेलको स्थान कहाँ रहला भन्ने चासो सबैलाई छ । विधान संशोधन भएर सहमहामन्त्री पद थपिएको खण्डमा नेता गगन थापाको चाहना यही पदमा देखिने छ । धनराज गुरूङ, गुरू घिमिरे र प्रदीप पौडेल र विश्वप्रकाश शर्माको हुटहुटी कम्तीमा पनि निर्वाचित केन्द्रीय सदस्य हुनेछ । पाँच वर्षमा एक पटकमात्र हुने महाधिवेशन कांग्रेसका सम्पूर्ण कार्यकर्ताका लागि महापर्व हो । महाधिवेशनको प्रमुख कार्य विगतको समीक्षा, वर्तमान राजनीतिको चुनौती तथा समाधानका बाटो र भविष्यलाई हाँक्न सक्ने सक्षम नेतृत्व चयन गर्नु हुनेछ । यसबेला विगतमा कांग्रेस कहाँनेर चुक्यो भन्ने कुरा महत्वपूर्ण हुन्छ ।

१२औं महाधिवेशनबाट नयाँ नेतृत्व निर्वाचत भैसकेपछि पार्टी विधिविधान, लोकतान्त्रिक मूल्य मान्यता, मूल्यांकन र न्यायको सिद्धान्तभन्दा पनि सीधै ६० र ४० को भागबन्डाबाट नराम्ररी विभाजित भयो । भागबन्डाको राजनीतिले पार्टीका गतिविधिहरु पूरै गतिहीन बन्न पुगे । पार्टी सभापतिले विभागहरु गठन गरे, तर त्यसमा भाग पुगेन भनी विरोध गरियो र पार्टीका विभागहरु निश्क्रिय बने । संसदीय दलको कार्यसमितिमा पनि भागबन्डा नमिलेर त्यसै थन्किएको छ । ६० र ४० को भागबन्डाका कारण भातृ संस्थाका अधिवेशनहरु विगत आठ वर्षदेखि हुन सकेका छैनन् । संविधानसभाको निर्वाचनमा टिकट बाँड्दा सीधै ६० र ४० को भागबन्डाको आधारमा निर्णय गरियो ।

यतिसम्म कि मन्त्रिपरिषद्बाट मनोनीत गर्ने राष्ट्रिय व्यक्तित्वहरु मा समेत कांग्रेसको तर्फबाट ६० र ४० को भागबन्डा गरेर सिफारिस गरियो । कांग्रेसले पार्टी पद्धति र न्यायसंगत ढंगले भन्दा पनि ६० र ४० को भागबन्डाको आधारमा प्रायः निर्णय गरेको छ । महाधिवेशनमा नेतृत्वको प्रतिस्पर्धा गर्दा हार र जित स्वाभाविक हुन्छ । जित्ने पक्षले सबैलाई मिलाएर लैजानु दायित्व र जिम्मेवारी हुन्छ भने हार्ने पक्षले राम्रो कामको समर्थन र गलत निर्णयको विरोध गर्नु कर्तव्य तथा धर्म हुन्छ । तर, १२औं महाधिवेशनपछि हाम्रो पार्टीमा पक्ष र विपक्षलाई सहमतिमा ल्याउनु, सही-गलत छुट्याउनुभन्दा पनि पार्टीलाई सीधै ६० र ४० मा भागबन्डा लगाउने काम भयो । यसले एउटै पार्टीमा दुईटा राजनीतिक दल र एउटै पार्टीमा दुईटा नेतृत्व भएजस्तो नयाँ तर खराब परम्परा बस्न गयो । ६० प्रतिशतमा पर्नेहरुले शेरबहादुर देउवालाई चिन्दैनन् र कुनै सरोकार राख्दैनन् । अनि, ४० प्रतिशतमा पर्नेहरुले पार्टी सभापति सुशिल कोइरालासँग कुनै सम्बन्ध र सम्पर्क गर्दैनन् । ६० र ४० को भागबन्डा भएपछि नेताहरुलाई संयुक्त रुपमा बसेर सही र गलत छुट्याएर कार्यकर्ताको मूल्यांकन गर्न पनि परेन । सिधै दुइटा भाग लगाउने अनि आ-आफ्नो भागको निर्णय स्वयं आफैं गर्ने परिपाटीले कांग्रेसलाई कमजोरमात्र बनाएन, सिंगो लोकतान्त्रिक पद्धतिको उपहास गरेको छ । एउटा जीवन्त र विशाल पार्टीभित्र फरक मत र विचारहरु हुनु स्वाभाविक हो । लोकतान्त्रिक पार्टीभित्र एजेन्डाको आधारमा विभिन्न समूह हुनुलाई आपत्ति जनाउन सकिन्न । तर, यहाँ विचार र एजेन्डाको कुरा त परै जाओस्, पार्टीभित्र दुईटा गुट होइन कि एउटै पार्टीभित्र दुईटा राजनीतिक दलजस्तो अनौठो परम्परा स्थापित भएको छ ।

स्रोत : ई चितवन पोष्ट

# कास्कीका पूर्वी गाविसमा खानेपानी समस्या

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १८ माघ ।**

जिल्ला विकास समिति कास्कीले जिल्लामा एक घर एक धारा अभियान संचालन गर्ने वताईरहेका वेला कास्कीको उत्तर पूर्वी भेकमा संचालित थाक खानेपानी आयोजनाको मर्मत सम्भारको अभावमा सो क्षेत्रमा पिउने पानीको समस्या भएको छ । रकम अभावमा खानेपानीको पाईपलाईन मर्मत हुन सकेको छैन जसले गर्दा धाराबाट पानी झर्न छाडेको छ । जिल्ला विकास समितिले चालु आर्थिक वर्षमा मर्मतका लागि कत्तिपनि रकम नछुट्याएपछि करोडौंको लागतमा सम्पन्न खानेपानी योजना अलपत्र वन्दै गएको छ ।

थाक खानेपानी आयोजनाको पानी कास्कीको कालिका, माझठाना, हंसपुर गाविस र लेखनाथ नगरपालिकाको राखिडाडा र वेगनासका उपभोक्ताले उपभोग गर्दै आएका छन् । स्थानीय क्षेत्रमा भएका पानीका मुहानहरु सुक्दै गएको र राष्ट्रिय योजनाको पानी समेत आउन छाडेपछि अहिले सो क्षेत्रका सर्वसाधारणको दैनिकीमा समेत प्रतिकुल प्रभाव पर्न थालेको छ । गाँउ नजिकै पानीका अन्य कुनै वैकल्पिक स्रोतहरु नभएपछि माझठाना, हंसपुर र वेगनासका उपभोक्ताहरु वढी मारमा परेका छन् । महिलाहरु घण्टौं लगाएर टाढा टाढा रहेका पुराना पानीका मुहानहरु खोज्दै हिंड्न थालेका छन् । अहिले वालवालिका पढ्ने विद्यालयका धारामा समेत पानी झर्न छाडेको छ । पानी अभावकै कारण सो क्षेत्रमा पशुपालन व्यवसाय नराम्ररी प्रभावित हुन पुगेको छ । माझठाना गाविस स्थित रत्नशोभा माविका विद्यार्थीहरुले त यतिवेला विद्यालय जाँदा पाठ्यपुस्तक सँगै वोत्तलमा पानी लगेर पीउने पानीको जोहो गर्नुपरेको स्थानीयवासी लालमोहन तिवारीले बताए । स्कुल तथा घर नजिकका धारामा पानी नआएपछि स्कुले बालबालिकाहरु घण्टौं लगाएर नजिकको चिप्लेडी खोलामा पुग्छन् । त्यहाँ पनी लामो समयसम्म पालो पर्खनुपर्छ । अनी एक गाग्री पानी काखी च्यापेर घर फर्किन्छन् । असोज देखी जेष्ठ महिनासम्म विशेष गरि हिउँदको समयमा त्यहाका मानिसहरु थाक खानेपानी आयोजनाकै पानीमा निर्भर हुने गर्दछन ।

पाईपलाईन मर्मत संभारमा मुल उपभोक्ता समितिले समेत चासो नदेखाएको उपभोक्ताहरुको गुनासो छ । मानवहादुर जिसी अध्यक्ष रहेको मुल उपभोक्ता समितिको पदावधि सकिएको पनि पाँच वर्ष पुगिसकेको छ । राजनीतिक दलहरुको स्वार्थका कारण नत नया समिति नै वन्न सकेको छ नत पुरानोले नै काम गर्न पाएको छ । खानेपानी जस्तो सस्थामा समेत दलिय स्वार्थ र अडानका कारण उपभोक्ता मारमा परेका छन् । मुल उपभोक्ता समिति निष्क्रृय हुँदा आयोजना संचालित क्षेत्रका गाउ विकास समितिले मर्मतका लागी छुट्याएको स-सानो रकम पनि उपयोगमा आउन सकेको छैन ।

# बतासको शाखा वालिङमा पनि

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १८ माघ ।**

गण्डकी र धवलागिरी अञ्चलको लागि सुजुकी कम्पनीका चारपाङ्ग्रे गाडीहरुको आधिकारिक विक्रेता बतास अटोमोवाईल्स प्रा.लि. नयाँवजार पोखराले सोमवारदेखी स्याङ्जा वालिङको भकुण्डेमा सुजुकी शोरुम सञ्चालनमा ल्याएको छ । शोरुमको बतास अर्गनाइजेसनका अध्यक्ष आनन्दराज बतास र वालिङ्ग उद्योग वाणिज्य संघका अध्यक्ष शोभा कान्त पौडेलले एक समारोहका बीच संयूक्त रुपमा शुभारम्भ गरेका थिए । स्याङ्जा जिल्लाका ग्राहकहरुको सुविधालाई ध्यानमा राखी विभिन्न मोडेलका सुजुकी गाडीहरुको सेल्स शोरुम संचालनमा आएको बतास अटोमोवाईल्सका अध्यक्ष आनन्दराज बतासले वताए । सुजुकी गाडीप्रति सर्वसाधारणको आकर्षण बढेको र गण्डकी अञ्चलमा विक्री प्रवर्द्धन गर्न शोरुमले सहयोग पुग्ने अटोमोवाईल्स का प्रवन्धक गणेश ढकालको भनाई रहेको छ । शोरुम सुभारम्भको अवसरमा सुजुकी ब्राण्डका कुनै पनि गाडी बुक गर्ने ग्राहकहरुलाई विशेस छुटको व्यवस्था गरिएको थियो । सो अवसरमा ४ वटा गाडी वुकिङ भएको वताईएको छ ।

# पुराना गाडी विस्थापित गर्न प्रजिअको आग्रह

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १८ माघ ।**

कास्कीका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीले थोरै यात्रु बोकेर सडक जाम गर्न सहयोग पुऱ्याउने साना सवारी र वातावरण प्रदुषित हुने खालका पुराना गाडीलाई निरुत्साहित गर्दै लैजाने नीति अवलम्वन गरिने बताएका छन् । स्थानीय श्रृङ्गा यातायात व्यवसायी समितिको ३३औं साधारण सभाको सोमवार उद्घाटन गर्दै प्रमुख जिल्ला अधिकारी मैनालीले साना सवारीको नियन्त्रण पुराना गाडीको व्यवस्थापनले प्रदुषण रहित शहर निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

यातायात क्षेत्रमा नीजि क्षेत्रले गरेको लगानीको प्रशंसा गरेका प्रजिअ मैनालीले यातायात क्षेत्रलाई अझ व्यवस्थित गर्दै लैजान स्वच्छ प्रतिष्पर्धाको वातावरण सृजना गर्नेतर्फ ध्यान दिन व्यवसायीहरुलाई आग्रह गरे । 'माग र आपूर्तिको सन्तुलन नमिल्दा हाल ईन्धन वितरणमा समस्या उब्जिएको छ'- प्रजिअ मैनालीले भने-'आशा गरौ अव छिट्टै असहज अवस्थाको अन्त्य हुने छ ।' यसअघि वोल्ने यातायात व्यवसायीहरुले ईन्धन वितरण प्रणाली अव्यवस्थित बन्दै गएको गुनासो गरेका थिए । गण्डकी धौलागिरी यातायात वस व्यवसायी समितिका अध्यक्ष वसन्त प्रधानले गाडीको स्तर सुधार गर्नेतर्फ ध्यान दिन व्यवसायीलाई आग्रह गरे । नेकपा माओवादी तमुवान राज्य ईन्चार्ज सावित्री दुराले यातायात व्यवसायलाई मर्यादित बनाउँदै लैजानु नै आजको पहिलो आवश्यकता रहेको औंल्याइन ।

यातायात क्षेत्रमा बनेका नीतिहरु अहिलेसम्म क्षणिक रहेको भन्दै एमाले कास्कीका सचिवालय सदस्य युवराज पौडेलले यातायात क्षेत्रका विज्ञहरुसँग परामर्श गरेर दीर्घकालिन नीति अवलम्वन गर्न सके समस्या समाधानमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । एमाओवादी कास्कीका सचिवालय सदस्य सुमन देवकोटाले सडकको क्षमता अनुसार यातायातका साधन गुडाउनु पर्नेमा जोड दिए । अखिल नेपाल यातायात मजदुर संघका केन्द्रीय उपाध्यक्ष रुद्र गौतमले ईन्धन अभावले मजदुरको रोजीरोटी खोसिने अवस्था सृजना हुन लागेको भन्दै चिन्ता व्यक्त गरे । सो अवसरमा समितिमा रहेर निरन्तर २५ वर्ष सेवा गरी सेवा निवृत्त भएका कर्मचारी रामबहादुर हमाललाई प्रजिअ मैनालीले सम्मान गरेका थिए ।

साधारण सभामा सचिव ईश्वर वहादुर हमालले प्रस्तुत गर्नुभएको सचिवको प्रतिवेदन र कोषाध्यक्ष लालप्रसाद आचार्यले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन छलफल पश्चात पारित भएको थियो । गाउँदेखी सहरसम्म र सहर देखि गँउसम्म भन्ने नीति अन्तर्गत समितिले हाल एक सय ८२ वटा गाडीहरु संचालनमा ल्याएको छ ।

समितिका अध्यक्ष केदार पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष श्यामशुन्दर जैसी, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका भानु वराल, कार्यालय सचिव सूर्यमणि लामिछाने लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

# साहित्यिक उपसमिति गठन

**पोखरा १८ माघ ।**

लेखनाथ महोत्सव-२०७२ मा पनि विगतका वर्षहरूमा जस्तै खुला राष्ट्रिय कविता प्रतियोगिताको कार्यक्रम समावेश गरिएको छ । प्रतियोगिता सम्पन्न गर्न लेखनाथ उद्योग वाणिज्य सङ्घका कार्यसमिति सदस्य इ. वसन्तमोहन भट्टराइको संयोजकत्वमा साहित्यिक उपसमिति गठन गरिएको छ । समितिको सह संयोजकमा लेखनाथ साहित्य प्रतिष्ठानका अध्यय पद्मर ाज ढकाल र सदस्यहरूमा छवि सुवेदी 'विजयी', कृष्णप्रसाद पौडेल, प्रतिभा शर्मा, ताराप्रसाद तिमिल्सिना, तारा पोखरेल, छन्दमणि त्रिपाठी, रामनाथ अधिकारी 'सगी', धर्मराज पौडेल 'अल्पायु' र शिव लामिछाने रहेका छन् ।

# साहित्य...

बाबुराम भट्टराई, युवा नेता गगन थापा, योगेश भट्टराई, रविन्द्र अधिकारी देखि चर्चित नेपाली र भारतीय लेखकहरु सँगै नयाँ तथा पुराना पुस्ताका नायक नायिकासँग अन्तरंग कुराकानी समेत भएका थिए । पोखरामा आयोजित महोत्सब पूर्ण रुपमा सफल रहेको निर्देशक अजित बरालले बताए । राजधानी बाहिर पहिलो पटक आयोजना गरिएको महोत्सब सफल भएकाले आगामी संस्करण देशका अन्य क्षेत्रमा पनि गर्न सकिने उनले बताए । सन् २०११ बाट सुरु भएको साहित्यिक महोत्सव साहित्यका विविध आयामका साथै राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक विषयमा छलफल गर्ने थलोका रुपमा चिनिन्छ ।

# लोकतन्त्रवादी निर्माण व्यवसायी संगठित

**पोखरा १८ माघ ।(गोल्डेन)**

नेपाली काँग्रेस निकट निर्माण व्यवसायीहरुको भेलाले ११ सदस्यिय नेपाल लोकतान्त्रिक निर्माण व्यवसायी संघ कास्की गठन गरेको छ । नवगठित तदर्थ समितिको अध्यक्षमा सञ्जीव ढकाल रहेका छन् । त्यसैगरि उपाध्यक्षमा शरदराज सुवेदी, सचिव टेकवहादुर भुजेल तथा कोषाध्यक्षमा ठाकुरप्रसाद गुरुङ रहेका छन् । सदस्यहरुमा दिपेन्द्र मर्सानी, गणेशराज अधिकारी, बेणीमाधव अधिकारी, मिठुदेवी परियार, नारायणप्रसाद उज्जर, निशान गुरुङ र विष्णुवहादुर खवास रहेका छन् ।

भेलाको उद्घाटन गर्दै नेपाली काँग्रेस कास्कीका सभापती तथा सांसद यज्ञवहादुर थापाले भुकम्प पछिको पुन:निर्माण महाअभियान तथा देश विकासमा निर्माण व्यवसायीले योगदान गर्नुपर्ने वताउँदै व्यसायीक हक हितको लागि लोकतान्त्रिक निर्माण व्यवसायीहरु संगठित हुनुपर्ने धारणा व्यक्त गरेका थिए । लोकतान्त्रिक निर्माण व्यवसायी संघका क्षेत्रीय संयोजक राजेन्द्र पहारीको सभापतित्वमा भएको कार्यक्रममा नेपाल निर्माण व्यवसायी महासंघका सल्लाहकार शिवशंकर गौचन, नेपाली काँग्रेसका युवा नेता देवराज चालिसे, नेपाल लोकतान्त्रिक खेलुकद संघका अध्यक्ष देवेन्द्र शेरचन, पश्चिमाञ्चल क्षेत्रीय निर्माण व्यवासायी संघका महासचिव टंकराज वराल, नेपाल निर्माण व्यवसायी संघका पूर्व अध्यक्ष मुक्ति प्रसाद तिमिल्सिना लगायते मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको संचालन टेकवहादुर भुजेल तथा स्वागत दिपेन्द्र मर्सानीले गरेका थिए ।


## तुरुन्त आवश्यकता

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित **चिनारी थकाली भान्छाघर**का लागि निम्न कर्मचारी आवश्यक परेकाले ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| २. | कुक | १ जना |

पारिश्रमिक : आकर्षक तथा आपसी समझदारीमा

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०९

## सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension गर्नुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी क्येर, पेडी क्येर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।



सम्पर्क: ९८४६८५९३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)





सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा